# स्थानीय राजपत्र

## राप्ती गाउँपालिकाद्वारा प्रकाशित

खण्डः९ | संख्याः३ | मितिः२०८२/०६/२९


## भाग २

**राप्ती गाउँपालिका, दाङ**

**कार्यपालिकाबाट स्वीकृतः२०८२/०६/०८**

# राप्ती गाउँपालिका सरसफाइ रनिङ्ग शिल्ड सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना**

नेपालको संविधानले स्वच्छ तथा सुरक्षित खानेपानी र सरसफाइ सेवामा पहुँचलाई नागरिकको आधारभूत अधिकारको रूपमा प्रत्याभूत गरेको छ। सरसफाइलाई राष्ट्रिय विकासको अभिन्न अङ्गका रूपमा स्वीकार गर्दै समावेशी र प्रतिस्पर्धात्मक प्रविधिबाट समुदायलाई उत्प्रेरित गर्ने उद्देश्यले, सरसफाइ रनिङ्ग शिल्ड कार्यक्रम राप्ती गाउँपालिकामा सञ्चालन गर्न उपयुक्त ठानिएको छ। यस सन्दर्भमा, पूर्ण सरसफाइको प्रवर्द्धन, स्थानीय तहमा सरसफाइको दीगो र प्रभावकारी कार्यान्वयन तथा सरोकारवाला सबै पक्षको सक्रिय सहभागिता सुनिश्चित गर्न आवश्यक देखिएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिमको अधिकार प्रयोग गरी राप्ती गाउँपालिका कार्यपालिकाले यो कार्यविधि, २०८२ निर्माण तथा कार्यान्वयनमा ल्याएको हो ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम **"राप्ती गाउँपालिका सरसफाइ रनिङ्ग शिल्ड सञ्चालन कार्यविधि, २०८२"** रहेको छ ।
ख) यो कार्यविधि गाउँ कार्यपालिकाको स्वीकृति पश्चात् तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"सरसफाइ"** भन्नाले मानव मलमूत्रको सुरक्षित व्यवस्थापन, फोहोरमैला संकलन, वर्गीकरण, निकासी तथा वातावरणमैत्री तरिकाबाट व्यवस्थापन गर्ने कार्यहरूलाई बुझाउँछ। यसले व्यक्तिगत, घरेलु तथा सार्वजनिक सरसफाइलाई समेट्दछ ।

ख) **"स्वच्छता"** भन्नाले व्यक्तिको स्वास्थ्यका लागि आवश्यक हुने व्यवहार, सरसफाइ अभ्यास, हात धुने बानी, खानेपानीको शुद्धता, महिनावारी स्वच्छता तथा वातावरण सफा राख्न गरिने क्रियाकलापलाई जनाउँछ ।

ग) **"रनिङ्ग शिल्ड"** भन्नाले सरसफाइमा उत्कृष्ट कार्य सम्पादन गर्ने वडा वा टोललाई प्रतिस्पर्धात्मक मूल्याङ्कनका आधारमा प्रदान गरिने शिल्ड लाई जनाउँछ ।

घ) **"निर्देशक समिति"** भन्नाले सरसफाइ रनिङ्ग शिल्ड कार्यक्रमको नीति निर्माण, अनुगमन, मूल्याङ्कन तथा समन्वय कार्यहरू गर्ने समिति हो ।

ङ) **"मूल्याङ्कन समिति"** भन्नाले कार्यक्रमको आधारमा वडाहरू वा टोलहरूको सरसफाइ कार्यको मुल्याङ्कन गर्न गठित उपसमिति हो ।

च) **"टोल"** भन्नाले वडाभित्र रहेका सामाजिक, भौगोलिक वा प्रशासनिक रूपमा संगठित स्थानीय बस्ती वा बस्ती समूहहरूलाई जनाउँछ ।

छ) **"मूल्याङ्कन मापदण्ड"** भन्नाले सरसफाइको क्षेत्रगत प्रगति, व्यवहार, व्यवस्थापन र संस्थागत कार्यसम्पादनका आधारमा तय गरिएका सूचकहरू र तिनको अंकभारलाई जनाउँछ ।

ज) **"सार्वजनिक शौचालय"** भन्नाले सबैले सहज रूपमा प्रयोग गर्न सक्ने, सार्वजनिक स्थानमा निर्मित, प्रयोगकर्ता–मैत्री सुविधा सम्पन्न शौचालयलाई जनाउँछ ।

झ) **"सामाजिक समावेशीकरण"** भन्नाले सबै लिङ्ग, वर्ग, जात, धर्म, भाषा, उमेर र क्षमता भएका व्यक्तिहरूको समान सहभागिता सुनिश्चित गरिएको अवस्थालाई जनाउँछ ।

ञ) **"नमुना कार्य"** भन्नाले सरसफाइमा नविन प्रविधि, स्थानीय स्रोतको प्रयोग, नवप्रवर्तन तथा सामुदायिक स्वामित्व प्रवद्र्धन गर्न गरिएका विशेष कार्यहरूलाई जनाउँछ ।

ट) **"अनुगमन"** भन्नाले कार्यक्रम कार्यान्वयनको अवस्था, परिणाम र प्रभावबारे जानकारी लिन गरिने स्थलगत अवलोकन तथा अन्य विधिहरूलाई जनाउँछ ।

ठ) **"प्रोत्साहन पुरस्कार"** भन्नाले सरसफाइमा उत्कृष्ठ कार्य गर्ने वडाहरू वा टोलहरूलाई दिइने नगद, प्रमाणपत्र वा अन्य स्वरूपका सम्मानलाई जनाउँछ ।

ड) **"सरोकारवाला"** भन्नाले सरसफाइ कार्यमा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न सरकारी निकाय, विद्यालय, स्वास्थ्य संस्था, टोल विकास संस्था, युवासंघ, महिलासमूह, निजी क्षेत्र, सहकारी, सञ्चार माध्यम लगायतका संस्थाहरुलाई जनाउँछ ।

**३. लक्ष्य तथा उद्देश्य**

**१. लक्ष्य:** राप्ती गाउँपालिकालाई सफा, स्वस्थ, सुरक्षित र वातावरणमैत्री पालिका बनाउने ।

**२. उद्देश्यहरू:**

क. सरसफाइको प्रवर्द्धन र प्रतिस्पर्धात्मक सुधार ल्याउने ।
ख. समुदाय र टोल विकास संस्थालाई सरसफाइ अभियानमा सहभागी गराउने ।
ग. मूल्याङ्कन र प्रतिफलको आधारमा पुरस्कार प्रदान गर्ने ।
घ. सरसफाइ सम्बन्धी सचेतनाको अभिवृद्धि गर्ने ।

ङ. सरसफाइमा नवप्रवर्तन र स्थानीय स्वामित्व प्रवर्द्धन गर्ने ।
च. दीगो फोहोर व्यवस्थापन प्रणाली विकास गर्ने ।

## परिच्छेद-२
## निर्देशक समिति सम्बन्धी व्यवस्था

**४. निर्देशक समिति गठन र कार्यहरू:** राप्ती गाउँपालिका सरसफाइ रनिङ्ग शिल्ड निर्देशक समितिको गठन देहाय बमोजिम हुनेछः

क. गाउँपालिका अध्यक्ष – संयोजक
ख. उपाध्यक्ष – सदस्य
ग. प्रमुख प्रशासकीय अधिकृत – सदस्य
घ. वातावरण, वन तथा विपद् व्यवस्थापन समिति संयोजक – सदस्य
ङ. सामाजिक विकास समिति संयोजक – सदस्य
च. पूर्वाधार विकास समिति संयोजक – सदस्य
छ. आर्थिक विकास समिति संयोजक – सदस्य
ज. सुशासन विकास समिति संयोजक – सदस्य
झ. गाउँपालिका भित्रका सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि– सदस्य (२)
ञ. शिक्षा, युवा तथा खेलकुद प्रमुख– सदस्य
ट. पूर्वाधार शाखा प्रमुख – सदस्य
ठ. वातावरण विद् – सदस्य
ड. टोल विकास संस्था प्रतिनिधि (१ जना) – सदस्य (अघिल्लो आ व मा उत्कृष्ट वडाको उत्कृष्ट टोल विकास संस्थाबाट)
ढ. वातावरण तथा सरसफाइ क्षेत्रमा काम गर्ने संस्था/प्रतिनिधि (२ जना) – सदस्य (संयोजकाले तोक्ने)
ण. खानेपानी तथा सरसफाइ शाखा प्रमुख- सदस्य सचिव

**५. रनिङ्ग शिल्ड निर्देशक समितिको बैठक:**

क. समितिको बैठक अध्यक्षताले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।
ख. रनिङ्ग शिल्ड निर्देशक समितिको बैठकको अध्यक्ष सो समितिको अध्यक्षले गर्नेछ ।
ग. रनिङ्ग शिल्ड निर्देशक समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।
घ. समितिको बैठक कम्तिमा चार महिनामा एक पटक बस्नुपर्नेछ ।
ङ. बैठकमा छलफल गरिने मूल विषय सदस्यहरुलाई आमन्त्रण गर्दा नै जानकारी गराउनु पर्नेछ ।
च. खानेपानी, सरसफाइ, स्वच्छता, स्वास्थ्य सम्बद्ध व्यक्ति तथा संस्थालाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।
छ. रनिङ्ग शिल्ड निर्देशक समितिको निर्णय सदस्य–सचिवले प्रमाणित गरी राख्नु पर्नेछ ।

ज. रनिङ्ग शिल्ड निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि रनिङ्ग शिल्ड निर्देशक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

झ. निर्देशक समितिले गरेको निर्णयको कार्यान्वयन सम्बन्धित स्थानीय तहको गाउँकार्यपालिका कार्यपालिकाले गर्नेछ।

ञ. समितिले बैठकमा आवश्यकता बमोजिम विषय विज्ञलाई आमन्त्रणा गर्न सक्ने छ। यसरी बैठक बस्दा कार्यालयले खाजा/खाना खुवाउन सक्ने छ।

**६. रनिङ्ग शिल्ड समितिको काम, कर्तव्य र अधिकारः** स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

क. सरसफाइ रनिङ्ग शिल्ड सम्बन्धी आवश्यक कार्ययोजना बनाउने।

ख. सरसफाइ रनिङ्ग शिल्ड कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन समितिको गठन र मार्गदर्शन गर्ने।

ग. सरसफाइ रनिङ्ग शिल्ड कार्यक्रमको लागि बजेट व्यवस्थापन र दीगो वित्तीय स्रोत सुनिश्चित गर्ने।

घ. सरसफाइ रनिङ्ग शिल्ड कार्यक्रमको वार्षिक समीक्षा, मापदण्ड संशोधन र प्रतिवेदन तयार गर्ने।

ङ. समितिले दिएको मार्गदर्शन बमोजिम काम गर्ने।

च. कार्यक्रम आवश्यकता बमोजिम तय गरी कार्यपालिकामा स्वीकृतीका लागि सिफारिस गर्ने।

## परिच्छेद-३
## मूल्याङ्कन मापदण्ड, प्रक्रिया र अङ्कभार

**७. मूल्याङ्कनका सूचकहरु**

**१. टोल बिकास संस्था तर्फः** टोल बिकास संस्था तर्फ मूल्याङ्कनका लागि अनुसुची १ बमोजिमका सूचकहरु रहनेछन्।

**२. वडा तर्फः** वडाभित्र रहेका टोल विकास संस्थाहरूले प्राप्त कुल अंङ्कको औसत अंकको आधारमा अनुसुची २ बमोजिम छनौट गरिने।

**८. मूल्याङ्कन प्रक्रिया: सबै टोल विकास संस्थाले देहाय बमोजिम स्वमूल्याङ्कन प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।**

क. मंसिर र वैशाख महिनाको मसान्तमा टोलहरूले दफा ७ को उपदफा १ अनुसार स्वमूल्याङ्कन गरि क्रमशः पौष र जेठ ३ गते भित्र वडा कार्यालयमा पेश गर्नु पर्नेछ।

ख. वडा समितिले स्थलगत अनुगमन गरि पौष र जेठ महिनाको १० गते भित्र गाउँपालिकामा सिफारिस गर्नु पर्नेछ।

ग. स्थलगत अनुगमन गर्दा एउटा टोल विकास संस्था क्षेत्रमा अनिवार्य रुपमा कम्तीमा १० वाट घरधुरीमा सर्वेक्षण गर्नु पर्नेछ।

घ. निर्देशक समितिवाट गठित मूल्याङ्कन समितिले थप मूल्याङ्कन गरि सो समितिमा सिफारिस गर्नेछ।

ङ. अन्तिम मुल्याङ्कन समितिबाट प्राप्त अंङ्कको आधारमा सरसफाईमा उत्कृष्ट प्रथम, द्वितीय, तृतीय टोल तथा वडा छनौट गरि पुरस्कार प्रदान गरिनेछ।

## परिच्छेद-४
## पुरस्कार, सम्मान र कदर

**९. पुरस्कार, सम्मान र कदर**

**१) टोल विकास संस्था तर्फ पुरस्कार:**

| स्थान | विवरण | रकम |
|---|---|---|
| प्रथम | रनिङ्ग शिल्ड, प्रमाणपत्र, नगद | रु. २०,००० |
| द्वितीय | प्रमाणपत्र, नगद | रु. १०,००० |
| तृतीय | प्रमाणपत्र, नगद | रु. ५,००० |

**२) वडा तर्फ पुरस्कार:**

| स्थान | विवरण | प्रोत्साहन |
|---|---|---|
| प्रथम | रनिङ्ग शिल्ड, प्रमाणपत्र, नगद | रु. १००,००० बरारबरको योजना वा सामाग्री |
| द्वितीय | प्रमाणपत्र, नगद | रु. ५०,००० बरारबरको योजना वा सामाग्री |
| तृतीय | प्रमाणपत्र, नगद | रु. २०,००० बरारबरको योजना वा सामाग्री |

**३) राप्ती सरसफाइ डिजिटल अवार्ड, अन्य सम्मान तथा कदर**

क) गाउँपालिकाले आ.व. को पहिलो चौमासिक अवधिभित्र सरसफाइसम्बन्धी सचेतनामूलक भिडियो बनाउन सार्वजनिक सूचना आव्हान गर्नेछ।

ख) सरसफाइसम्बन्धी जनचेतनामूलक भिडियो अनुसुची ३ बमोजिम बनाई प्रतिस्पर्धामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने व्यक्तिहरूलाई निर्देशक समितिको सिफारिसमा क्रमशः नगद रु दश हजार, सात हजार, पाँच हजार र कदर पत्र प्रदान गर्न सकिनेछ।

ग) उपदफा ३ को "ख" को लागि भिडियोहरूको मूल्याङ्कन बैशाख महिनाको अन्त्यसम्म समितिबाट गरिनेछ र नतिजा सार्वजनिक गरिनेछ। मूल्याङ्कनका लागि प्राविधिक सहायताको आवश्यक परेमा सम्बन्धित शाखालाई आमन्त्रित गर्न सक्नेछ।

घ) वर्षभरी राप्ती गाउँपालिका क्षेत्रमा सरसफाइ कार्यमा योगदान पुऱ्याउने संघ संस्थालाई निर्देशक समितिको सिफारिस बमोजिम सम्मान तथा कदर पत्र प्रदान गर्न सकिने छ।

## परिच्छेद-५

## क्षमता विकास, अनुगमन र मूल्याङ्कन

### १०. क्षमता विकासका क्रियाकलापहरू

क. विद्यालय, टोल, वडा, र पालिकास्तरमा सरसफाइ तथा स्वच्छता सम्बन्धी **गोष्ठी, सेमिनार, अभिमुखिकरण कार्यक्रमहरू** आयोजना गरिनेछ।

ख. खानेपानी तथा सरसफाइ इकाईको समन्वयमा **सूचना, शिक्षा र सञ्चार सामाग्री वितरण** गरिनेछ।

### ११. अनुगमन तथा मूल्याङ्कन

१. निर्देशक समितिले अनुगमन तथा **मूल्याङ्कन समिति** गठन गर्नेछ।

२. मूल्याङ्कन समितिले बर्षमा दुई पटक **स्थलगत अवलोकन, फोटो, अभिलेख** र **स्वरूचक रिपोर्ट** मार्फत मूल्याङ्कन गरि औषतको आधारमा गर्नेछ।

३. मूल्याङ्कन **निष्कर्ष पालिकामा पेश** गरी निर्णय पश्चात मात्र सार्वजनिक गरिनेछ।

### १२. नतिजाको आधारमा पुरस्कृत गर्नेः

१. दफा ८ बमोजिम उत्कृष्ट टोल तथा वडालाई बजेट गाउँसभामा दफा ९ को उपदफा १ र २ बमोजिम पुरस्कार प्रदान गरिनेछ।

## परिच्छेद-६

## विविध

### १३. मूल्याङ्कन मापदण्डको पुनरावलोकन

१. प्रत्येक वर्ष मूल्याङ्कन पश्चात निर्देशक **समितिको बैठक**बाट मापदण्डमा आवश्यक संशोधनका लागि कार्यापालिका समक्ष सिफारिस गरिनेछ।

२. **समावेशी मापदण्ड प्रणाली** विकास गर्न समुदायबाट संकलित सुझावहरुलाई गरिनेछ।

### १४. कार्यविधि संशोधन

१. यो कार्यविधिमा आवश्यक परे **निर्देशक समितिको सिफारिसमा गाउँपालिका कार्यपालिका**बाट संशोधन गर्न सकिनेछ।

अनुसुची-१

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

टोल बिकास संस्थाको कार्यसम्पादन मूल्यांकन

## १. टोल बिकास संस्था तर्फ

### क. क्रियाकलापहरू तथा सुचकहरू

| क्र.सं. | क्रियाकलाप र सुचकहरू | अङ्क भार | विवरण | प्राप्त अङ्क |
|---|---|---|---|---|
| १ | खुल्ला ठाँउमा दिसापिसाब गर्ने गरेको/ नगरेको | ०, १ | खुल्ला दिसापिसाब नगरेको = १, गरेको = ० | |
| २ | विद्यालय, स्वास्थ्य संस्था, सघ संस्थामा सार्वजनिक शौचालयमा साबुन र पानीको सुविधा | ०, १ | साबुन र पानीको सुविधा भएको = १, नभएको = ० कुनै पनि सार्वजनिक सघ संस्था नभएमा १ | |
| ३ | कुहिने र नकुहिने फोहोर छुट्टाएर राख्ने (फोहोरको वर्गीकरण) | ०, १ | फोहोर छुट्टाएर राख्ने = १, नगरेको = ० | |
| ४ | टोलमा भएका सडक तथा सार्वजनिक स्थल सौन्दर्यकरण र हरियाली रहेको वा नरहेको | ०, १ | हरियाली र सौन्दर्यकरण भएको = १, नभएको = ० | |
| ५ | टोलविकास संस्थाको नियमित सरसफाई बैठक र सरसफाईको आयोजना गरि प्रतिवेदन वडा र गाँउपालिकामा पठाइएको (मासिक बैठकहरू र कार्यक्रमको संख्या) | ०, ०.५, १ | ४ पटक वा बढी = १, २-३ पटक = ०.५, २ भन्दा कम = ० | |
| ६ | फोहरमैला व्यवस्थापनमा नमुना कार्यहरू (जस्तै डस्टबिन स्थानीय सामग्रीको प्रयोग, झारु, आदि) | ०, १ | नमुना कार्यहरू गरेको = १, नगरेको = ० | |
| ७ | प्लाष्टिकजन्य फोहरको व्यवस्थापन | ०, ०.५, १ | वर्गीकरण गरेर पठाउने = १, वर्गीकरण नगरी पठाउने = ०.५, जलाउने = 0 | |
| ८ | सार्वजनिक सुनुवाई | ०, ०.५, १ | २ पटक वा बढी = १, १ पटक = ०.५, १ भन्दा कम = ० | |
| ९ | घरको सरसफाई शुल्क उठाएको आधारमा | ० देखि ७ | शुल्क उठाएको घरधुरी संख्या/कुल घरधुरी*७ | |

| क्र.सं. | क्रियाकलाप र सुचकहरू | अङ्क भार | विवरण | प्राप्त अङ्क |
|---|---|---|---|---|
| कुल अंक | | १५ | | |

- सबै भन्दा बढि अङ्क प्राप्त गर्ने वडा क्रमश प्रथम, द्धितीय र तृतीय हुनेछ।
- प्रतिस्पर्धीले प्राप्त गरेको अंकभार वरावर भएमा पुरस्कार वरावर भाग लगाइने छ ।

अनुसुची-२

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

वडाको कार्यसम्पादन मूल्यांकन

प्रत्येक वडाभित्र रहेका सबै टोल विकास संस्थाहरूको मूल्याङ्कन गरी निम्न सूत्रको आधारमा वडाको औसत अंक निकालिनेछ:

वडा तर्फ छनौट विधि= वडाभित्र टोल बिकास संस्थाहरूले प्राप्त गरेको कुल अंक/वडामा रहेका टोल बिकास संस्थाहरूको संख्या

- सबैभन्दा बढी औसत अंक प्राप्त गर्ने वडा प्रथम हुनेछ।
- त्यसपछि दोस्रो र तेस्रो स्थानमा रहेका वडाहरू द्धितीय र तृतीय ठहरिनेछन्।
- प्रतिस्पर्धीले प्राप्त गरेको अंकभार वरावर भएमा पुरस्कार वरावर भाग लगाइनेछ।

छनौट प्रक्रिया

- सबै वडाहरूका टोल विकास संस्थाहरूको मूल्याङ्कन अलग–अलग गरिनेछ।
- मूल्याङ्कन टोलीद्वारा प्रमाणसहितको रिपोर्ट संकलन गरिनेछ।
- गणितीय औसतको आधारमा वडाहरूको क्रम निर्धारण गरिनेछ।
- आवश्यकता अनुसार फोटोपत्र, प्रमाण तथा फिल्ड अनुगमनसमेत प्रयोग गरिनेछ।

अनुसुची ३

(दफा ९ को उपदफा ३ (ख) सँग सम्बन्धित)

राप्ती गाउँपालिका सरसफाइ डिजिटल अवार्ड मापदण्ड

सरसफाइ तथा वातावरणीय स्वच्छताको महत्त्वबारे समुदायमा जनचेतना फैलाउन स्थानिय जनसमुदाय, विद्यार्थी, युवा, महिला आदिलाई सामाजिक सञ्जालमा सक्रिय बनाउँदै सरसफाइ अभियानमा संलग्न गराउन देहाय बमोजिमको कार्य गरिनेछ ।

**१. भिडियोको विषयवस्तु**

- फोहोरमैला व्यवस्थापन (कुहिने र नकुहिने फोहोर छुट्याउने अभ्यास)
- घरेलु कम्पोष्ट बनाउने तरिका
- नाली तथा सार्वजनिक स्थल सफा राख्ने उपाय
- प्लास्टिकको प्रयोग न्यूनीकरण
- सरसफाइ संरक्षणमा सामुदायिक भूमिका र सरसफाई सम्बन्धी अन्य कार्यक्रमहरु

**२. भिडियोको मापदण्ड**

- न्यूनतम अवधि: ३० सेकेन्ड , अधिकतम: ३ मिनेट
- स्पष्ट सन्देश, दृश्य प्रभाव, मौलिक र सिर्जनात्मक हुनुपर्ने
- राप्ती गाउँपालिकाभित्र खिचिएको प्रमाणित हुनुपर्ने
- नेपाली भाषामा वा स्थानीय भाषा (थारु, मगर आदि) समेटेर बनाइएको हुनुपर्ने ।

**३. प्रकृया**

- सरसफाइ सम्बन्धी जनचेतनामूलक भिडियो बनाई गाउँपालिकाको आधिकारिक इमेल वा स्वयं उपस्थिती भई सूचना प्रविधि शाखामा कार्यालय समयमा बुझाउन सकिने ।
- भिडियो कार्यालयले कोड नम्बर उपलब्ध गराई राप्ती गाउँपालिकाको आधिकारिक सामाजिक सञ्जाल (Facebook) मा पोस्ट गर्ने ।
- भिडियो पोस्ट गर्दा "राप्ती गाउँपालिका सरसफाइ अभियान", #CleanRaptiGreenRapti #Raptimundang वा पालिकाले तोकेको ट्याग प्रयोग गर्नुपर्ने छ ।

**४. मूल्याङ्कनका आधारहरू**

क. सामाजिक सञ्जालमा प्राप्त प्रतिक्रिया: सामग्रीले सामाजिक सञ्जालमा प्राप्त गरेका **Shares** तथा **Views** का आधारमा मूल्याङ्कन गरिनेछ। प्रतिक्रिया संख्याका अनुसार निर्धारित स्कोरिङ प्रणाली अनुरूप अंक प्रदान गरिनेछ।

| शेयर (Shares) | अंकभार | भ्यू(Views) | अंकभार |
|---|---|---|---|
| ५० भन्दा कम | १ | २K भन्दा कम | ०.५ |
| ५० देखि १०० सम्म | २ | २K देखि ३K भन्दा कम | १.५ |
| १०१ देखि १५० सम्म | ३ | ३K देखि ५K भन्दा कम | ३ |
| १५१ देखि २०० सम्म | ४ | ५K देखि ७K भन्दा कम | ५ |
| २०१ देखि २५० सम्म | ५ | ७K देखि ९K भन्दा कम | ७ |
| २५१ देखि ३०० सम्म | ६ | ९K देखि ११K भन्दा कम | ९ |
| ३०१ देखि ३५० सम्म | ७ | ११K देखि १३K भन्दा कम | ११ |
| ३५१ देखि ४०० सम्म | ८ | १३K देखि १५K भन्दा कम | १३ |
| ४०१ देखि ४५० सम्म | ९ | १५K देखि १७K भन्दा कम | १५ |
| ४५१ देखि ५०० सम्म | १० | १७K देखि १९K भन्दा कम | १७ |
| ५०१ देखि माथी | ११ | १९K देखि माथी | १९ |

ख. विषयवस्तुको गुणस्तर: प्रस्तुत सामग्रीको विषयवस्तु र प्रस्तुतीकरण अनुसार निर्धारित स्कोरिङ प्रणाली अनुरूप अंक प्रदान गरिनेछ।

| क्र.सं. | विषयवस्तु | अङ्कभार | प्रस्तुती | अङ्कभार |
|---|---|---|---|---|
| १ | सामान्य | १ | सामान्य | १ |
| २ | सन्तोषजनक | २ | सन्तोषजनक | २ |
| ३ | उत्कृट | ३ | उत्कृट | ३ |

ग. भिडियोको अवधि: भिडियोको समय– अनुसार निर्धारित स्कोरिङ प्रणाली अनुरूप अंक प्रदान गरिनेछ।

| क्र.सं. | भिडियो सामाग्री | अङ्कभार |
|---|---|---|
| १ | १ मिनेट भन्दा कम | २ |
| २ | १ देखि २ मिनेट भन्दा कम | ३ |
| ३ | २ देखि ३ मिनेट सम्म | ४ |

घ. जम्मा अंकभार = ४०

- सेयर =११
- भ्यूज = १९
- विषयवस्तु = ३

- प्रस्तुती = ३
- भिडियो सामाग्री = ४

ङ. प्रतिस्पर्धीले प्राप्त गरेको अंकभार बराबर भएमा गोलाप्रथाबाट छनोट गरिनेछ ।

आज्ञाले
देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत